

# राष्ट्रिय गान

सयौं थुंगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची–महाकाली

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरुका रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुल जाति, भाषा, धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय–जय नेपाल ।

# विषय सूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | सञ्चालक समितिको प्रतिवेदन | ४-१० |
| २. | लेखा समितिको वार्षिक प्रतिवेदन | ११-१२ |
| ३. | लेखापरीक्षकको प्रतिवेदन | १३ |
| ४. | वासलात | १४ |
| ५. | आय बिवरण हिसाब | १५ |
| ६. | इक्विटी विवरण | १६ |
| ७. | नगद प्रवाह बिवरण | १७ |
| ८. | अनुसूचीहरु | १८-२७ |
| ९. | प्रमुख लेखा नीतिहरु | २८-३० |

## देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि. चन्द्रागिरि–५, काठमाडौंको एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना ।

**सदस्य महानुभावहरू,**

यस देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि. चन्द्रागिरि-५, काठमाडौंको मिति २०७६/०५/१९ गते विहिबारका दिन बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम यस संस्थाको एघारौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा उल्लेखित प्रस्तावहरु उपर छलफल गरि पारित गर्न बस्ने भएको हुँदा सम्पूर्ण सदस्य महानुभावहरूको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**साधारण सभा बस्ने मिति, स्थान र समयः**

मिति : २०७६ असोज ११ गते, शनिबार ।

स्थान : ग्रिनल्याण्ड ब्याङ्क्वेट, चन्द्रागिरि-७ ।

समय : विहान ११:०० बजे ।

**साधारण सभामा छलफल हुने विषयहरूः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आ.व. २०७५/०७६ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. संस्थाको आ.व. २०७५/०७६ को लेखापरिक्षण प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३ चालू आ.व. २०७६/०७७ को लागि लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. आ.व २०७५/०७६ मा संचालक समितिको निर्णयले भए गरेका सम्पूर्ण कार्यहरूको अनुमोदन गर्ने सम्बन्धमा ।
५. सदस्यहरूलाई लाभांश वितरण गर्ने सम्बन्धमा ।
६. कर्मचारी बोनस वितरण गर्ने सम्बन्धमा ।
७. विनियम संशोधन गर्ने सम्बन्धमा ।
८. संस्थाको कार्यक्षेत्र विस्तार गर्ने सम्बन्धमा ।
९. संस्थाको सेवा केन्द्र खोल्ने सम्बन्धमा ।
१०. संस्था एकिकरण (मर्जर)मा जाने सम्बन्धमा ।
११. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागी प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
१२. विविध ।

(नोटः साधारण सभामा भाग लिन संस्थाको निमन्त्रणा पत्र र परिचय पत्र अनिवार्य गरिएको छ ।)

अध्यक्ष
संचालक समितिको आज्ञाले

**देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि. को**
**संचालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०७५/०७६ को**

# वार्षिक प्रतिवेदन

### आदरणीय सदस्यज्यूहरू

यस देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.को एघारौं वार्षिक साधारण सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरि पाल्नु हुने आदरणीय प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरू, विभिन्न संघ, संस्था तथा सहकारी संस्थाहरूबाट पाल्नु हुने अतिथिज्यूहरू, विभिन्न मिडियाबाट पाल्नु हुने मिडियाकर्मी मित्रहरू, संचालक समितिका मेरा मित्रहरू, लेखा समितिका संयोजक तथा सदस्य मित्रहरू, कानूनी सल्लाहकारज्यू, विभिन्न उप समितिका संयोजक तथा सदस्य मित्रहरू, कर्मचारी साथीहरू र यस सभामा पाल्नु हुने आदरणीय सम्पूर्ण सदस्यज्यूहरूमा संचालक समितिको साथै मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन प्रकट गर्दछु ।

### आदरणीय सदस्यज्यूहरू

सर्वप्रथम म यहाँहरुसँग ११ औं वार्षिक साधारण सभामा संस्थाले गरेको प्रगति विवरण राख्न पाउँदा अत्यन्त खुशि छु । संचालक समिति, लेखा समिति, सबै उप समितिहरु र कर्मचारी साथीहरु लगायत सिङ्गो टिमको तर्फबाट यहाँहरुले संस्था प्रति अनवरत रुपमा देखाउनु भएको विश्वास, माया र सदभावप्रति आभार प्रकट गर्दै आगामी दिनमा पनि निरन्तरता को अपेक्षा गर्दछौं ।

### आदरणीय सदस्यज्यूहरू,

सहकारी आन्दोलनको बारेमा यहाँहरुलाई जानकारी छदैछ । यस आन्दोलनले राज्यलाई योगदान गरिरहेको छ । सहकारी क्षेत्रमा अवसर मात्र होइन विभिन्न किसिमका चुनौती पनि सामना गर्नु पर्ने हुन्छ । भनिन्छ “अवसर र चुनौती सधैं संगसंगै हुन्छ” यहि भनाईलाई आत्मसाथ गर्दै हामी अगाडि बढिरहेका छौं । म सहकारी आन्दोलनका बारेमा धेरै कुरा गर्न चाहन्न । तथापि राज्यले लिने नितिलाई अवलम्बन गर्नु सबै संगठित संस्थाको दायित्व र कर्तव्य हो । राज्यले समय समयमा लिने परिवर्तीत नितिले सामान्य उतार चढाव जहाँ जुनसुकै क्षेत्रमा पनि हुन्छ । तर, यस्ता परिर्वतनलाई सहज रुपमा लिदै अगाडि बढन सक्नु संस्थाको क्षमता हो । मैले यो कुरा किन जोड्दै छु भने सहकारी क्षेत्रमा भर्खरै मात्र आएको नयाँ व्यवस्था सर्न्दभ व्याजदरले  बजारमा ठूलो हलचल मचाएको छ । पक्ष र विपक्षमा बहस, छलफलहरु भैरहेको अवस्थामा देव दर्शन बचत तथा ऋण सहकारी संस्थाले भने

सरकारले ल्याएको व्याजदरलाई पूर्णरुपमा पालना गर्दै जारी निर्देशन अनुसार कार्यान्वयन गर्न सक्षम रहेको कुरा यस गरिमामय सभामा जानकारी गराउँन चाहन्छु । सार्वजनिक, निजि र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र श्रोतको परिचालन द्वारा तिब्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा आर्थिक असमानता अन्त्य गर्दै शोषण रहित समाजको निर्माण गर्न देव दर्शन सहकारीले पनि ईंट्टा थप्ने काम गरिरहेको स्मरण गराउन चाहन्छु ।

अब म सदस्यज्यूहरूलाई शेयर वृद्धि गर्न, नियमित कारोवार गर्न, नियमित बचत खातालाई निरन्तरता दिन आग्रह गर्दै संस्थाले आ.व. २०७५/०७६ मा हासिल गरेका सफलतालाई बुदाँगत रुपमा यस सभा समक्ष राख्ने अनुमति चाहन्छु ।

| आ.व. | शेयर पूँजी | बचत | ऋण | कुल सम्पत्ति |
|---|---|---|---|---|
| ०६५/०६६ | २२,५०,०००/- | ७४,७२,९३७/- | १०,३०,०००/- | ९२,००,५५९/- |
| ०६६/०६७ | ५२,८४,०००/- | ९,३१,३७,२९९/- | ८,४९,७९,६१६/- | १०,४१,७१,५११/- |
| ०६७/०६८ | ८८,८९,९००/- | १०,३५,५२,७४५/- | ९,३६,८५,१०४/- | ११,८१,२८,२८५/- |
| ०६८/०६९ | १,०७,२९,५००/- | ११,३२,७०,०२०/- | ९,१२,३३,५५५/- | १३,१९,९८,२०५/- |
| ०६९/०७० | १,२०,६७,९००/- | १४,४०,४५,८२७/- | १२,३३,६६,७१२/- | १६,७१,१०,९६७/- |
| ०७०/०७१ | १,४०,२४,१००/- | २४,००,२१,२११/- | १५,७८,५८,६७६/- | २६,७२,१५,२४३/- |
| ०७१/०७२ | १,५४,८४,८००/- | ३०,६७,०३,०५६/- | २२,८९,३९,३०५/- | ३३,८३,१६,८६८/- |
| ०७२/०७३ | २,०१,०५,१००/- | ४०,६९,५५,१३०/- | ३१,५३,५३,८२३/- | ४४,४९,५०,७१४/- |
| ०७३/०७४ | २,४९,६८,२००/- | ४५,६६,८५,९४१/- | ४०,३०,१६,२७१/- | ५१,३०,७३,८१३/- |
| ०७४/०७५ | ३०,०५४,९००/- | ५२,४६,९५,९७३/- | ४६,१९,४९,२३२/- | ६०,०३,७६,८५८/- |
| ०७५/०७६ | ३,३७,५६,५००/- | ६३,९०,७२,५७४/- | ५६,३२,०७,७३७/- | ७३,३८,९८,५७०/- |

## १. व्यवस्थापन

संस्थाको व्यवस्थापनमा कार्यकारी अध्यक्ष-१, प्रबन्धक-१, अधिकृत-२, सहायक अधिकृत-१, वरिष्ठ सहायक-५, सहायक-४, कनिष्ठ सहायक-४, सुरक्षाकर्मी-२, पियन-२ र चालक -१ समेत २३ जना दक्ष तथा अनुभवी पदाधिकारी एवं कर्मचारीहरू कार्यरत रहेका छौं ।

## २. शेयरपँूजी:

आ.व. २०७५/०७६ मा संस्थाको शेयरपूँजी रु. ३,३७,५६,५०० (तिन करोड सैत्तिस लाख छपन्न हजार पाँच सय रुपैयाँ मात्र) पुगेको व्यहोरा आदरणीय सदस्यहरू समक्ष अवगत गराउन चाहन्छु । साथै यस आ.व.को लाभाशं लाई शेयर पूँजीमा स्थानान्तरण गरि दिनुहुन र यस आ.व.मा शेयर थप गरि दिनुहुन सदस्य महानुभावहरुलाई विनम्र अनुरोध गर्दछौं ।

| क्र.सं. | शेयर कित्ता | सदस्य संख्या | शेयर पूँजी |
|---|---|---|---|
| १ | न्युनतम देखि ४९ सम्म | २०८ | रू. २,२०,५००/- |
| २ | ५० देखि ९९ सम्म | १२८९ | रू. ५६,६७,५००/- |
| ३ | १०० देखि ४९९ सम्म | ८०० | रू. १,१५,७८,६००/- |
| ४ | ५०० देखि ९९९ सम्म | १०८ | रू. ५८,६३,२००/- |
| ५ | १००० देखि माथि | ८८ | रू. १,०४,२६,७००/- |
|  | जम्मा | २४९३ | रू. ३,३७,५६,५००/- |

### ३. निक्षेप संकलन:

संस्थाको गत आ.व. २०७४/०७५ को कूल निक्षेप रु. ५२,४६,९५,९७३.९२ (बाउन्न करोड छयालीस लाख पन्चानब्बे हजार नौ सय त्रिहत्तर रुपैया बयानब्बे पैसा मात्र) रहेकोमा आ.व. २०७५/०७६ मा संस्थाले लागू गरेको विभिन्न बचत योजना अन्तर्गत रु. ११,४३,७६,६००.९३ (एघार करोड त्रिचालिस लाख छहत्तर हजार छ सय त्रियानब्बे पैसा मात्र) थप निक्षेप संकलन गरी रु. ६३,९०,७२,५७४.८५ (त्रिसाठ्ठी करोड नब्बे लाख बहत्तर हजार पाँच सय चौहत्तर रुपैयाँ पचासी पैसा मात्र) पुऱ्याउन सफल भएका छौं ।

### ४. कर्जा सापटी तथा लगानी:

गत आ.व. २०७४/०७५ मा कर्जा लगानीमा रु. ४६,१९,४९,२३२.३३ (छयालीस करोड उन्नाईस लाख उन्नपचास हजार दुई सय बत्तिस रुपैया तेत्तिस पैसा मात्र) रहेकोमा आ.व. २०७५/०७६ को अन्त्य सम्ममा रु. ५६,३२,०७,७३७.४४ (छपन्न करोड बत्तिस लाख सात हजार सात सय सैतिस रुपैया चवालीस पैसा मात्र) कर्जा लगानीमा बाँकी रहेको व्यहोरा सदस्यहरू माझ जानकारी गराउन चाहन्छौं ।

### ५. तरलता:

गत आ.व. २०७५/०७६ मा बैंक तथा नगद मौज्दात गरि रु. १२,८६,४२,०४५.२१ (बाह्र करोड छयासि लाख बयालीस हजार पैतालीस रुपैया एकाइस पैसा मात्र) तरलता रहेको छ ।

### ६. आ.व. २०७५/०७६ को कूल आम्दानी र खर्च विवरण:

आम्दानी तर्फ संस्थाले आ.व. २०७५/०७६ मा कर्जा लगानीबाट व्याज रु ७,९५,६२,२१८.३८ (सात करोड पन्चानब्बे लाख बासाठ्ठी हजार दुई सय अठार रुपैयाँ अड्तीस पैसा मात्र), प्रक्रियागत शुल्क लगायत अन्य विविध आम्दानी रु. ९८,२८,३१९.२५ (अन्ठानब्बे लाख अठाईस हजार तीन सय उन्नाईस रुपैयाँ पचीस पैसा मात्र) गरी कूल रु. ८,९३,९०,५३७.६३

(आठ करोड त्रियानब्बे लाख नब्बे हजार पाँच सय सैतिस रुपैयाँ त्रिसाठी पैसा मात्र) आम्दानी गरेको छ भने खर्च तर्फ गत आ.व. २०७५/०७६ मा विभिन्न बचतमा प्रदान गरिएको व्याज खर्च रु. ५,९०,२०,८६२.९५ (पाँच करोड नब्बे लाख बिस हजार आठ सय बासाट्ठी रुपैयाँ पन्चानब्बे पैसा मात्र), प्रशासनिक खर्च रु. ६२,१७,०५७.८३ (बासाट्ठी लाख सत्र हजार सन्ताउन्न रुपैयाँ त्रियासी पैसा मात्र), कर्मचारी खर्च रु. ९९,२१,३९३.२० (उनानसय लाख एकाईस हजार तिन सय त्रियानब्बे रुपैयाँ बिस पैसा मात्र), ह्रास कट्टी खर्च रु. ११,७०,९६६.८७ (एघार लाख सत्तरी हजार नौ सय छैसाठी रुपैयाँ सतासी पैसा मात्र), संभावित कर्जा जोखिम कोष व्यवस्था तर्फ थप रु. ५,००,०००.०० (पाँच लाख मात्र) र कर्मचारी बोनस व्यवस्था रु. १२,५६,०२५.६८ (बाह्र लाख छपन्न हजार पच्चिस रुपैया अड्साठी पैसा मात्र) समेत गरी जम्मा रु. ७,८०,८६,३०६.५३ (सात करोड असी लाख छयासी हजार तीन सय छ रुपैयाँ त्रिपन्न पैसा मात्र) खर्च भएको व्यहोरा म सदस्य महानुभावहरू समक्ष अवगत गराउन चाहन्छु ।

## ७. नाफा नोक्सान हिसाबः

आ.व. २०७५/०७६ मा संस्थाको कूल आम्दानी रु. ८,९३,९०,५३७.६३ (आठ करोड त्रियानब्बे लाख नब्बे हजार पाँच सय सैतिस रुपैयाँ त्रिसाठी पैसा मात्र) रहेको छ भने गत आ.व.नै संस्थाको कुल खर्च रु. ७,८०,८६,३०६.५३ (सात करोड असी लाख छयासी हजार तीन सय छ रुपैयाँ त्रिपन्न पैसा मात्र) हुन गएको छ । यसर्थ संस्थाले आ.व. २०७५/०७६ मा आयकर अघि रु. १,१३,०४,२३१.१० (एक करोड तेह्र लाख चार हजार दुई सय एकतिस रुपैयाँ दस पैसा मात्र) मुनाफा आर्जन गरेको व्यहोरा म आदरणीय सदस्य समक्ष राख्न चाहन्छु ।

## ८. कुल कारोवारः

संस्थाले आर्थिक वर्ष २०७५/०७६ अन्त्यसम्म कूल कारोवार रु. ७३,३८,९८,५७०.६५ (त्रिहत्तर करोड अड्तिस लाख अनठानब्बे हजार पाँच सय सत्तरी रुपैयाँ पैसाठ्ठी पैसा मात्र) पुऱ्याउन सफल रहेको व्यहोरा सदस्यहरू माझ सहर्ष जानकारी गराउन चाहन्छौं ।

## ९. संस्थाको गतिविधिहरूः

क) गत आ.व.मा पदाधिकारीहरू र कर्मचारीहरूको पून: ताजगीका लागि सहकारी अवलोकन भ्रमण अन्तर्गत घान्द्रुक, पोखरा भ्रमण गरिएको थियो । यस्ता अवलोकन भ्रमणले उत्प्रेरणा जगाई दैनिक जीवन र काममा हौसला प्रदान हुने विश्वास संस्थाले गरेको छ ।

ख) गत आ.व.मा संस्थालाई गतिशिल चुस्त र दुरुस्त बनाई राख्न संस्थामा आवद्ध संचालक तथा कर्मचारीहरुको व्यवसायिक क्षमता अभिबृद्धिको लागि विभिन्न किसिमका व्यवसायिक तालिमहरुमा सहभागिता जनाईएको थियो ।

ग) संस्थाको एघारौं वार्षिक उत्सवको उपलक्ष्यमा मिति २०७६ असार ७ गते संस्थाको प्राङ्गणमा तेश्रो वृहत रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो । जस्मा १०० जना सदस्यहरूले रक्तदान गर्नु भएको थियो ।

घ) संस्थाको एघारौं वार्षिक उत्सवको उपलक्ष्यमा खेलकुद क्षेत्रलाई प्रोत्साहित गर्ने उद्देश्यले "चौथो देव दर्शन कप ब्याडमिन्टन प्रतियोगिता" संचालन गरिएको थियो । यस वर्ष चन्द्रागिरि, किर्तिपुर र दक्षिणकाली नगरका जम्मा ४८ टिमको सहभागिता रहेको थियो ।

ङ) विभिन्न मितिमा राष्ट्रिय सहकारी संघ, जिल्ला सहकारी संघ, नेफ्स्कून, कास्कून आदि संस्थाको वार्षिक उत्सव, वार्षिक साधारण सभा र अन्य गतिविधिहरूमा संस्थाको तर्फबाट सक्रिय सहभागिता रहेको थियो ।

**सदस्य हितकोष नीति अनुसार वितरण गरिएको रकम विवरणः**

| क्र.सं. | सदस्यको नाम | हित कोषको प्रकार | रकम |
|---|---|---|---|
| १ | स्व. ज्ञानु श्रेष्ठ | काजकिरिया खर्च | रु. १०,०००/- |
| २ | फुल माया श्रेष्ठ | सुत्केरी भत्ता | रु. ५,०००/- |
| ३ | सृजना थापा | सुत्केरी भत्ता | रु. ५,०००/- |
| ४ | अन्जना सिलवाल | सुत्केरी भत्ता | रु. ५,०००/- |
| ५ | नबिना श्रेष्ठ | सुत्केरी भत्ता | रु. ५,०००/- |
| ६ | मधु बोगटी | सुत्केरी भत्ता | रु. ५,०००/- |
| ७ | बिबिका महर्जन | SEE Award | रु. ५,०००/- |
| ८ | अनिशा पौडेल | SEE Award | रु. ५,०००/- |
| ९ | सन्देश पौडेल | SEE Award | रु. ५,०००/- |
| १० | साकार दाहाल | SEE Award | रु. ५,०००/- |
| ११ | सजना श्रेष्ठ | सुत्केरी भत्ता | रु. ५,०००/- |
| १२ | दिपा रेग्मी | सुत्केरी भत्ता | रु. ५,०००/- |
| १३ | स्व. प्रविण तामाङ | काजकिरिया खर्च | रु १०,०००/- |
| | | **जम्मा** | रु ७५,०००/- |

## १०. दशौं वार्षिक साधारण सभाः

संस्थाको दशौं वार्षिक साधारण सभा मिति २०७५/०९/१४ गते ग्रिनल्याण्ड ब्याङ्क्वेट, चन्द्रागिरि ७ मा सु-सम्पन्न भएको थियो । उक्त साधारण सभामा प्रमुख अतिथिको रुपमा प्रदेश नं. ३ का मुख्य मन्त्री माननीय श्री डोरमणि पौडेलज्यूको उपस्थिति रहेको थियो साथै अन्य अतिथिज्यूहरू, विभिन्न संघसंस्थाका प्रतिनिधिज्यूहरूको पनि उपस्थिति रहेको थियो । १६०० जना सदस्य महानुभावहरूले उक्त साधारण सभामा भाग लिनु

भएको थियो । साथै संस्थाले उक्त साधारण सभामा उत्कृष्ट बचतकर्ता सदस्य, उत्कृष्ट कारोबारी सदस्य, उत्कृष्ट आवधीक बचतकर्ता सदस्य, उत्कृष्ट अवधि बचतकर्ता सदस्य, उत्कृष्ट वर्ष कर्मचारी(आन्तरीक/वाह्य) १/१ जना, S.E.E परिक्षामा उत्कृष्ट अंक ल्याउने शेयर सदस्यहरूका एक छोरा/एक छोरी लाई प्रदान गरिदै आएको Devdarshan S.E.E Excellence Award लगायत समाजका विभिन्न क्षेत्रमा योगदान दिनुहुने १ जना विशिष्ट व्यक्तिहरुलाई सम्मान पनि प्रदान गरिएको थियो । साथै संस्थाले साधारण सभामा उपस्थित सदस्यहरु मध्येबाट भाग्यशाली चिठ्ठा कार्यक्रम गरी २० जना सदस्यहरुलाई उपहार प्रदान प्रदान गरिएको थियो । ठूलो हल, व्यवस्थित शौचालय तथा धेरै सदस्यहरुको सहभागिताले समग्रमा दशौं वार्षिक साधारण सभा कार्यक्रम सफल रुपमा सम्पन्न गरिएको थियो ।

## ११. राजस्वमा योगदान:

आ.व. २०७५/०७६ मा संस्थाले आन्तरिक राजस्व कार्यालय कलंकीमा विभिन्न (ब्याज कर, पारिश्रमिक कर, शेयर लाभांश कर, बैठक भत्ता कर, लेखा परिक्षण कर, सल्लाहकार भत्ता कर, श्रोतमा कर कट्टी, हल भाडा कर र अग्रिम आयकर) राजस्व शिर्षकमा रु ४०,२१,६२६.४४ (चालिस लाख एकाइस हजार छ सय छब्बिस रुपैया चौवालिस पैसा मात्र) दाखिला गरेको थियो ।

## १२. आ. ब. ०७६/०७७ को लागि लक्ष्य एवं बजेट :

### क. शेयर पूजी :

संस्थाको कारोबार बृद्धि गर्न सदस्य संख्या बृद्धि संगै आ.ब. ०७६/०७७ सम्ममा रु. ४ करोड शेयर पूँजी पुऱ्याउने संस्थाको लक्ष्य रहेको छ ।

### ख. निक्षेप संकलन :

बिभिन्न प्रकारका निक्षेप संकलन एवं भुक्तानी गरी आ.ब. ०७६/०७७ को अन्त्य सम्ममा संस्थाको कुल बाँकी निक्षेप रु. ८० करोड ४६ लाख पुऱ्याउने लक्ष्य रहेको छ ।

### ग. कर्जा लगानी :

शेयर, बचत, साँवा र ब्याज असुलीको रकम तथा अन्य आम्दानी आदिबाट आएको रकम समेतबाट आ.ब. ०७६/०७७ मा विभिन्न उद्देश्यका कर्जामा रु २६ करोड लगानी गर्ने उद्देश्य राखिएको छ ।

### घ. कर्जा असुली :

सम्पूर्ण लगानी गरिएका पुराना कर्जा तथा आ. ब. ०७६/०७७ मा लगानी गरिने कर्जा समेतको असुली कार्य तालिका अनुसार रु. ८ करोड असुली गरि सोहि आ.ब. को अन्त्य सम्ममा लगानीमा बाँकी कर्जा रु. ७४ करोड हुने अनुमान गरिएको छ ।

**ङ. कर्मचारी दरबन्दी :**

हाल संस्थामा कार्यरत कर्मचारीहरू सहित आ. व. ०७६/०७७ मा हुने अनुमानित कुल कारोबार बृद्धि, ऋण असुलि शाखाको व्यवस्था, संस्थाको सेवा केन्द्र खोल्ने योजना र संस्था एकिकरणमा जाँदा आवश्यकता अनुसार संस्थामा कर्मचारीहरू थप गर्नुपर्ने अनुमान गरिएको छ ।

**च. अनुमानित खर्च :**

आ. ब. ०७६/०७७ को लागि बचत तथा सापटीमा ब्याज खर्च तर्फ रु. ७ करोड ५० लाख, कर्मचारीहरूको तलब, भत्ता तथा अन्य सुबिधा आदिको लागि रु. १ करोड ३९ लाखको व्यवस्था गरिएको छ । त्यस्तै कार्यालय संचालन खर्च तर्फ रु. ६९ लाख र ह्रासकट्टी रु १६ लाख गरी जम्मा रु. ९ करोड ७४ लाख अनुमानित खर्च व्यवस्था गरिएको छ ।

**छ. अनुमानित आम्दानी :**

आ.ब. ०७६/०७७ मा कर्जा तथा सापट बाट ब्याज आम्दानी तर्फ रु. ९ करोड ९८ लाख ७५ हजार अनुमान गरिएको छ । त्यसैगरी विविध आम्दानी तर्फ रु. १ करोड ३५ लाख २५ हजार गरी जम्मा अनुमानित आम्दानी रु. ११ करोड ३४ लाख हुने अनुमान गरिएको छ ।

**ज. नाफा–नोक्सान स्थिति :**

उपरोक्त बमोजिम कुल अनुमानित आम्दानी रु. ११ करोड ३४ लाख बाट अनुमानित खर्च रकम रु. ९ करोड ७४ लाख कट्टा गर्दा अनुमानित नाफा रकम रु. १ करोड ६० लाख रहन जाने देखिन्छ ।

**झ. आ.ब. ०७६/०७७ को लागि अनुमानित सम्पत्ति बजेट :**

आ. ब. ०७६/०७७ मा संस्थाले सदस्यलाई थप सेवा प्रदान गर्ने उद्देश्यले प्रविधि तर्फ नयाँ कार्यक्रमहरु लागु गर्ने र सदस्य सेवा केन्द्र स्थापना गर्ने योजना रहेको हुँदा अनुमानित रु ३५ लाखको सम्पत्ति बजेट बिनियोजन गरिएको छ ।

**१३. धन्यवाद ज्ञापन:**

अन्तमा संस्थालाई निरन्तर रुपमा सहयोग गरी रहनु हुने हाम्रा आदरणीय सदस्यहरूलाई म हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । त्यसैगरी संस्था संचालनका लागि मार्गदर्शकको रुपमा रहेको सहकारी विभाग काठमाडौं, चन्द्रागिरि न.पा. सहकारी शाखा, संचालक समितिका पदाधिकारीहरू, लेखा समितिका पदाधिकारीहरू, ऋण उपसमितिका पदाधिकारीहरु, संस्थालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने व्यक्ति संघ संस्था एवं आ.व. २०७५/०७६ को लेखा परीक्षण प्रतिवेदन तयार गरी सहयोग पुऱ्याउनु हुने लेखा परीक्षक श्री विजय राम मुनंकर्मी (मुनंकर्मी एण्ड एसोसिएट्स) र नेपाल

सरकारको सम्बन्धित निकाय समेतलाई सहयोगको लागि स-धन्यवाद हार्दिक आभार प्रकट गर्न चाहन्छु । भविष्यमा पनि सबै क्षेत्रबाट सहयोग पाउने अपेक्षा गरेको छु । संस्था संचालनमा हरतरहले सहयोग पुऱ्याउनु हुने संस्थाका प्रबन्धक, अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरूलाई मेरो तर्फबाट धेरै धेरै धन्यवाद दिन चाहन्छु । साथै आजको यस सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका प्रमुख अतिथि, बिशेष अतिथि, अतिथि, सदस्य महानुभावहरू र विभिन्न मिडियाबाट उपस्थित पत्रकार मित्रहरूमा समेत हार्दिक कृतज्ञता प्रकट गर्दछु । अन्तमा लेखा परीक्षकद्वारा तयार पारिएको आ.व. २०७५/०७६ को लेखा परीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब लगायत अन्य वित्तिय विवरणहरू र संचालक समितिको तर्फबाट प्रस्तुत प्रस्तावहरू अनुमोदनको लागि सदस्य महानुभावहरूमा हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।　　जय सहकारी ॥　　२०७६।०६।११ गते शनिबार ।

**देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि. को**
**एघारौं वार्षिक साधारण सभामा लेखा समितिको तर्फबाट**
**आ.व. २०७५/०७६ को**

# वार्षिक प्रतिवेदन

देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.को एघारौं वार्षिक साधारण सभाका सभापति ज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, संचालक समितिका सदस्यज्यूहरू, यस संस्थाका सम्पूर्ण सदस्य महानुभावहरू तथा अन्य आमन्त्रित सदस्यहरूमा यस संस्थाको एघारौं वार्षिक साधारण सभाको अवसरमा हार्दिक स्वागत तथा सहकारी अभिवादन ।

**सदस्य महानुभावहरू,**

यस संस्थाले जुन किसिमको वित्तिय सफलता हासिल गरेको छ, त्यसका लागि सम्पूर्ण सदस्यहरू, संचालक समिति, उपसमिति, व्यवस्थापनलाई हार्दिक बधाई दिदै यो क्रमलाई निरन्तरता दिन आवश्यक पर्ने कदमहरू चाल्न तथा पद्धति (System) लाई अझ बढि पछ्याउदै अगाडि बढ्नु पर्ने देखिन्छ । विगत एघार वर्षमा जुन शाख सहित यस संस्थाले सेवा प्रदान गर्दै आईरहेको छ त्यसलाई कसरी भविष्यमा पनि निरन्तरता दिने त्यो सम्बधमा संस्थाका संचालक समिति स्पष्ट हुनु जरुरी छ ।

**संस्थाको सकारात्मक पक्षहरु**

क) सहकारी ऐन, नियम र मापदण्ड अनुरुप लेखा राख्ने गरिएको, आर्थिक प्रशासन विनियमावली, कर्मचारी प्रशासन विनियमावली, बचत निति, ऋण निति र सदस्य हितकोष निति तयार गरि लागु गरिएको छ ।

ख) पुमरी प्लस सफ्टवेयर र पूर्ण कम्प्यूटर माध्यम बाट संस्थाको कारोबार व्यवस्थित गरि पारदर्शी ढंगबाट सदस्यहरुलाई छिटो छरितो तरिकाबाट सेवा प्रदान गरिएको छ ।

ग) संचालक समिति, लेखा समिति, विभिन्न उपसमितिहरु र कर्मचारी व्यवस्थापनलाई समन्वय गर्दै संस्थाको लक्षित उद्देश्य प्राप्त गर्न पारिवारिक वातावरणमा संस्था अगाडी बढीरहेको छ ।

घ) सहकारी ऐन २०७४ बमोजिम गठन गरिएको व्याजदर निर्धारण समितिले तोकेको सन्दर्भ ब्याजदर संस्थाले लागू मितिबाटै कार्यान्वयन गरेको छ ।

अब लेखा समितिको संयोजकको हैसियतले आगामी दिनहरूका लागि लेखा समितिको तर्फबाट केही सुझावहरू पनि दिन चाहन्छु ।

## लेखा समितिको सुझावहरू:

क) सहकारीको मेरुदण्डको रुपमा रहेको नियमित बचत र शेयर पूँजीलाई बढाउने तथा संख्यात्मक भन्दा गुणात्मक सदस्य वृद्धिमा ध्यान दिनु पर्ने देखिन्छ ।

ख) नियमनकारी निकायबाट प्राप्त निर्देशन र सुझावहरूलाई पालना गर्नुपर्ने देखिन्छ ।

ग) नयाँ सहकारी ऐन लागू भएपछि संस्थाले सो ऐन संग नबाझिने गरी आफ्नो विनियम तथा नियमावलीहरू संशोधन गर्दै संस्था संचालन गर्नु पर्ने देखिन्छ ।

घ) आ.व. २०७५/०७६ को वित्तिय गतिविधिलाई अध्ययन गर्दा असुलि गर्न बाँकी पुराना ऋणहरुलाई तत्काल असुल उपर गर्नु पर्ने देखिन्छ । साथै प्रत्येक त्रैमासिकमा पाकेको ब्याज पूर्ण रुपमा असुल उपर गर्नुपर्ने देखिन्छ । कर्जामा १६ प्रतिशत ब्याज दर कायम भएपछि बचतमा पनि ब्याज दर पुनः मुल्यांकन गरि लागु गर्ने पर्ने देखिन्छ । साथै नियमित ब्याज तथा किस्ता नबुझाउने ऋणि सदस्यहरुलाई हर्जाना र बिलम्ब शुल्क लागु गर्नु पर्ने देखिन्छ ।

ङ) संस्थाले कर्जा लगानीलाई व्यवस्थित गर्न किस्ताबन्दी ऋणको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

च) संस्थामा देखिएको कारोबार बृद्धिलाई मध्यनजर गर्दा यस संस्थाको काउन्टर एउटै मात्र भएकोले तत्कालै थप सेवा काउन्टर बढाउन पर्ने देखिन्छ ।

छ) संस्थाको वित्तिय कारोबारमा बृद्धि हुँदै गइरहेको अवस्थालाई मध्यनजर गरी लेखा प्रणालिलाई चुस्त, दुरुस्त र प्रभावकारी राख्नका लागि तत्काल आन्तरिक लेखा परिक्षकको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

ज) संस्थाले समिति, उपसमिति साथै कर्मचारीहरूलाई अझ बढि सक्रिय परिचालन हुनका लागि क्षमता अभिवृद्धि, सेमिनार, तालिम, क्षेत्र भ्रमण तथा अवलोकन आदिको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

अन्तमा यस समितिलाई आफ्नो काम सफलता पूर्वक सम्पन्न गर्न आवश्यक सहयोग प्रदान गर्नुहुने सहकारी विभाग, सहकारी सम्बन्धि संघहरू, संचालक समिति, ऋण उप समिति, सम्पूर्ण सदस्य महानुभावहरू, प्रबन्धक, अधिकृत तथा सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

धन्यवाद ।        जय सहकारी ॥

**लेखा समिति**

| संयोजकः | सदस्यः | सदस्यः |
|---|---|---|
| **विमल विक्रम बानियाँ** | **माधव प्रसाद रेग्मी** | **बसन्त महर्जन** |

**Munankarmy & Associates**

CoP. No. 466, Firm Regd No 2890
Mem No.2943, PAN No. 500032769

## देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

का

**संचालक महानुभावहरू समक्ष**

## स्वतन्त्र लेखा परीक्षकको प्रतिवेदन

मैले यसै साथ संलग्न **देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.**को २०७६ आषाढ मसान्त सम्मको वासलात सो मितिमा समाप्त भएको आ.व.को नाफानोक्सान हिसाव र नगदप्रवाह विवरणको लेखापरीक्षण सम्पन्न गरेका छु। वित्तीय विवरणहरु प्रतिको सम्पूर्ण उत्तर दायित्व व्यवस्थापनमा रहन्छ । व्यवस्थापनले तयार गरेको विवरणहरु उपर लेखापरीक्षणको आधारमा संलग्न आर्थिक विवरणहरु उपर अवधारणा प्रस्तुत गर्नु मेरो उत्तरदायित्व हो ।

लेखा परीक्षणको सिलसिलामा मैले प्रचलित लेखामान र लेखापरीक्षणमानलाई मध्यनजर राखी उक्तकार्य सम्पन्न गरेको छु। लेखा परीक्षणको योजना तथा कार्य सम्पादनबाट हामीले लेखाको आवश्यक खाता, कागजपत्रहरु र सैद्धान्तिक लेखानितीको सहि व्यवस्थापन र पालना गरिएको छ छैन भन्ने अवधारण प्रस्तुत गरेका छौं । संस्थाको लेखा परीक्षण सम्पन्न गरि निम्नानुसार प्रतिवेदन पेश गरेको छु ।

१) मैले लेखा परीक्षणको शिलशिलामा आवश्यक ठानी सोधनी तथा कैफियत गरेका कुराहरुको जवाफ एवं स्पष्टीकरणका साथै आर्थिक विवरणहरु सन्तोषजनक पाएं ।

२) मेरो रायमा संस्थाले आफ्नो हिसाबकिताब तथा लेखा सम्बन्धि श्रेस्ताहरु सहकारी ऐन २०७४ वमोजिम राख्नुको साथै अन्य आवश्यक प्रक्रियागत ढंगले राखेको पाइएको छ ।

३) मेरो रायमा, हामीले जानेबुझे सम्म र हामीलाई उपलब्ध गराएका सुचनाहरु एवं स्पष्टीकरणको आधारमा संलग्न हिसाबले सोमा उल्लेखित टिप्पणीहरुको साथ अध्ययन गर्दा,

क. वासलातको सम्बन्धमा २०७६ आषाढ मसान्तसम्ममा संस्थाको आर्थिक अबस्थाको यथार्थ चित्रण गर्दछ ।

ख. यस प्रतिवेदनसंग संलग्न नाफानोक्सान हिसाब र नगदप्रवाह विवरणले उक्त अवधिमा भएको वचत तथा न्यून र नगदप्रवाहको यर्थाथ चित्रण गर्दछ ।

४) हाम्रो विचारमा हामीले जानेबुझे सम्म तथा हामीलाई उपलब्ध गराएको स्पष्टिकरण र हामीले लेखा परिक्षण गरेका आधारमा संस्थाको संचालक समिति वा संचालक समितिको कुनै सदस्य वा संस्थाको कुनै कर्मचारीले ऐन कानुन विपरित कार्य गरेको वा संस्थालाई हानी नोक्सानी हुने कार्य गरेको वा कुनै किसिमको आर्थिक हिनामिना गरेको वा नेपाल सरकार सहकारी विभागको निर्देशन विपरीत वा संस्था र निक्षेपकर्ताहरुको हित र सुरक्षामा आघात पर्ने कुनै काम गरेको हाम्रो जानकारीमा छैन ।

मिती : २०७६।०५।१० गते
ठेगाना : लोकन्थली, भक्तपुर

रजिर्ष्टड लेखापरीक्षक
**बिजय राम मुनंकर्मी**
मुनंकर्मी एण्ड एसोसिएट्स

Address: Balkot-02, Bhaktapur Phone No. 4428507, 4005089, 9851047942

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**चन्द्रागिरि न.पा.-५, दाउराडिपो, काठमाडौ**

**२०७६ आषाढ मसान्तमा स्थिति विवरण पत्र**

## (वासलात)

| पूँजि तथा दायित्व | अनुसुची | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|---|
| शेयर पूंजी | ५ | ३३,७५६,५००.०० | ३०,०५४,९००.०० |
| जगेडा कोष | १ | १३,०८३,९५२.४४ | ९,६४३,२९५.६८ |
| अन्य कोष | २ | १०,६०७,८९५.०५ | ६,७५७,१७२.६५ |
| सम्भावित कर्जा नोक्सानी व्यवस्था | २ | ५,४५२,४६८.०१ | ४,९५२,४६८.०१ |
| निक्षेप दायित्व | ६ | ६३९,०७२,५७४.८५ | ५२४,६९५,९७३.९२ |
| तिर्न बांकी ऋण तथा कर्जा सापटी | | - | - |
| अन्य दायित्व, भुक्तानी दिनुपर्ने हिसाब | ८ | ३१,३५९,९६८.७४ | २२,६५३,०४७.८० |
| आयकर व्यवस्था | ७ | ५६५,२११.५६ | १,६१९,९९९.९७ |
| **जम्मा** | | ७३३,८९८,५७०.६५ | ६००,३७६,८५८.०३ |
| | | | |
| **सम्पत्ती** | **अनुसुची** | **यस आ.व. रु.** | **गत आ.व. रु.** |
| नगद मौज्दात | ९ | २,९८९,००७.०० | ३,८२१,५९३.०० |
| बैक मौज्दात | १० | १२५,६५३,०३८.२१ | ९८,१४४,२४७.२० |
| सहकारी बैंक तथा संघमा लगानी | ११ | २,४३७,४००.०० | १,२३६,०००.०० |
| सदस्यहरुसंग बांकी ऋण | १२ | ५६३,२०७,७३७.४४ | ४६१,९४९,२३२.३३ |
| पेश्की, सापटी तथा धरौटी र पाउनु पर्ने हिसाब | १३ | १९,३८१,०५०.५५ | १४,२४१,४५८.४४ |
| स्थिर सम्पत्ती | ४ | १९,९०८,२८५.६० | २०,५५०,३३७.४७ |
| अन्तिम सामग्री मौज्दात | १४ | ३२२,०५१.८५ | ४३३,९८९.५९ |
| **जम्मा** | | ७३३,८९८,५७०.६५ | ६००,३७६,८५८.०३ |

प्रमुख लेखा नीति तथा टिप्पणीहरू

१ देखि १४ सम्मका अनुसुचीहरू स्थिति विवरण पत्रका अभिन्न अंग हुन् ।

२० हाम्रो सोही मितिको संलग्न प्रतिवेदन अनुसार

| प्रबन्धक | उपाध्यक्ष | अध्यक्ष | रजिर्ष्टड लेखापरीक्षक |
|---|---|---|---|
| **प्रविण सिलवाल** | **बेली मैंया घले** | **राम नारायण घिमिरे** | **बिजय राम मुनंकर्मी** |
| | | | मुनंकर्मी एण्ड एसोसिएट्स |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-५, दाउरा डिपो, काठमाडौ

२०७५ साल श्रावण १ गते देखि २०७६ आषाढ मसान्त सम्मको

## आय विवरण

| विवरण | अनुसुची | यस आ.व. रु | गत आ.व. रु |
|---|---|---|---|
| व्याज आम्दानी | १५ | ७९,५६२,२१८.३८ | ६२,०७५,२७१.१७ |
| व्याज खर्च | १६ | (५९,०२०,८६२.९५) | (४३,५२८,९१६.६३) |
| **मोटामोटी वचत (नोक्सानी)+** | | २०,५४१,३५५.४३ | १८,५४६,३५४.५४ |
| अन्य सञ्चालन आम्दानी | १७ | ९,८२८,३१९.२५ | ८,४०७,६०८.५४ |
| विविध आम्दानी | | - | - |
| **कुल सञ्चालन वचत(नोक्सानी)+** | | ३०,३६९,६७४.६८ | २६,९५३,९६३.०८ |
| कर्मचारी खर्च | १८ | (९,९२१,३९३.२०) | (९,३४३,१९२.५०) |
| अन्य सञ्चालन तथा प्रसासनिक खर्च | १९ | (६,२१७,०५७.८३) | (६,७१३,५१८.१७) |
| ह्रास खर्च | ४ | (१,१७०,९६६.८७) | (१,२५४,८१३.९०) |
| **सम्भावित नोक्सानी व्यवस्था अधिको सञ्चालन वचत(नोक्सानी)** | | १३,०६०,२५६.७८ | ९,६४२,४३८.५१ |
| सम्भावित नोक्सानी व्यवस्था | | (५००,०००.००) | (६४२,४३८.६५) |
| **सञ्चालन वचत(नोक्सानी)** | | १२,५६०,२५६.७८ | ८,९९९,९९९.८६ |
| गैर सञ्चालन आम्दानी (नोक्सानी) | | - | - |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | | - | - |
| **सम्पुर्ण कारोवार समावेस पछिको खुद मुनाफा** | | १२,५६०,२५६.७८ | ८,९९९,९९९.८६ |
| कर्मचारी बोनस तथा अन्य व्यवस्था | | (१,२५६,०२५.६८) | (८९९,९९९.९९) |
| **आयकर अधिको नाफा** | | ११,३०४,२३१.१० | ८,०९९,९९९.८७ |
| आयकर व्यवस्था | ७ | (५६५,२११.५६) | (१,६१९,९९९.९७) |
| यस वर्षको | | - | - |
| गत वर्षसम्मको | | - | - |
| स्थगन (डेफर्ड) आयकर आम्दानी (खर्च) | | - | - |
| कर भुक्तानीमा तिरेको व्याज तथा जरिवाना | | - | - |
| **खुद वचत (घाटा)** | | १०,७३९,०१९.५४ | ६,४७९,९९९.९० |

नं. १५ देखि १९ सम्मका अनुसुचीहरू आय विवरणका अभिन्न अंग हुन् । हाम्रो सोही मितिको संलग्न प्रतिवेदन अनुसार

| प्रबन्धक | उपाध्यक्ष | अध्यक्ष | रजिर्ष्टड लेखापरीक्षक |
|---|---|---|---|
| **प्रविण सिलवाल** | **बेली मैया घले** | **राम नारायण घिमिरे** | **बिजय राम मुनंकर्मी** |
| | | | मुनंकर्मी एण्ड एसोसिएट्स |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-५, दाउराडिपो, काठमाडौ

**इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण २०७६**

| विवरण | शेयर पुंजी | सञ्चित बचत (घाटा) | जगेडा कोष | पुनर्मुल्यांकन कोष | शेयर प्रिमियम | सटहि घटबढ | थगन कर | अन्य कोष | कूल रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| **मौज्दात असाढ २०७५।०७६** | ३०,०५४,९००.०० | – | ९,६४३,२९५.६८ | – | – | – | – | ११,७०९,६४०.६६ | ५१,४०७,८३६.३४ |
| लेखा नीतिमा परिवर्तन | – | – | – | – | – | – | – | – | – |
| **पुनर्स्थापित मौज्दात** | ३०,०५४,९००.०० | – | ९,६४३,२९५.६८ | – | – | – | – | ११,७०९,६४०.६६ | ५१,४०७,८३६.३४ |
| समायोजन | – | – | – | – | – | – | – | – | – |
| सम्पति पुनर्मूल्यांकन बचत (घाटा) | – | – | – | – | – | – | – | – | – |
| आय विवरणमा समावेश नगरिएको नाफा (नोक्सान) | – | – | – | – | – | – | – | – | – |
| यस वर्षको खुद नाफा | – | १०,७३९,०१९.५४ | – | – | – | – | – | – | १०,७३९,०१९.५४ |
| लाभांश | – | (५,२००,०००.००) | – | – | – | – | – | – | (५,२००,०००.००) |
| शेयर पूंजी थप | ३,७०१,६००.०० | – | – | – | – | – | – | – | ३,७०१,६००.०० |
| साधरण जगेडा कोष | – | (२,६८४,७५४.८९) | २,६८४,७५४.८९ | – | – | – | – | ८,०५४,२६४.६५ | ८,०५४,२६४.६५ |
| अन्य कोष | – | (१,०९८,२३८.९७) | ७५५,९०१.८७ | – | – | – | – | (५,४५९,५६७.९३) | (५,८०१,९०५.०३) |
| **मौज्दात असाढ २०७५।०७६** | ३३,७५६,५००.०० | १,७५६,०२५.६८ | १३,०८३,९५२.४४ | – | – | – | – | १४,३०४,३३७.३८ | ६२,९००,८१५.५० |

| ................................ | ................................ | ................................ | ................................ |
|---|---|---|---|
| प्रबन्धक | उपाध्यक्ष | अध्यक्ष | रजिर्ष्टड लेखापरीक्षक |
| **प्रविण सिलवाल** | **बेली मैया घले** | **राम नारायण घिमिरे** | **बिजय राम मुनंकर्मी** |
| | | | मुनंकर्मी एण्ड एसोसिएट्स |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-५, दाउराडिपो, काठमाडौ

**२०७५ साल श्रावण १ गते देखि २०७६ आषाढ ३१ गते सम्म**

## नगद प्रवाह विवरण

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| **कार्यसिल पूंजी परिवर्तन अधिको सञ्चालन गतिविधीबाट नगद प्रवाह** | | |
| आयकर व्यवस्था अगाडीको नाफा | ११,३०४,२३१.१० | ८,०९९,९९९.८७ |
| **आयकर तथा असाधारण आम्दानी खर्च अगाडीको खुद नाफा समायोजन जोड्ने (+)** | | |
| स्थीर सम्पत्ती विक्रीमा नोक्सान | – | – |
| ह्रासकट्टी | १,१७०,९६६.८७ | १,२५४,८१३.९० |
| कर्मचारी बोनस कोष | १,२५६,०२५.६८ | ८९९,९९९.९९ |
| सम्भावित कर्जा नोक्सानी व्यवस्था | ५००,०००.०० | ६४२,४३८.६५ |
| **घटाउने (– )** | | |
| स्थिर सम्पत्ति विक्रीमा नाफा | – | – |
| कार्यसिल पूंजी परिवर्तन अघिको सञ्चालन नगद प्रवाह | १४,२३१,२२३.६५ | १०,८९७,२५२.४१ |
| १) चालू सम्पतीमा भएको कमी (बृद्धि) | १११,९३७.७४ | ८८,०७२.९२ |
| २) चालू दायित्वमा भएको वृद्धि (कमी) | ८,७०६,९२०.९४ | ९,८८४,६७६.४० |
| ३) पेश्की, सापटी तथा धरौटीमा भएको कमी (वृद्धि) | (५,१३९,५९२.११) | (५,४६४,३९०.९५) |
| ४) कर भुक्तानी | (१,६१९,९९९.९७) | (१,४७७,५४२.९७) |
| **सञ्चालन गतिविधिबाट खूद नगद प्रवाह (क)** | १६,२९०,४९०.२५ | १३,९२८,०६७.८१ |
| **ख. लगानी कारोबारको नगद प्रवाह** | | |
| स्थिर सम्पती (खरीद) विक्री | (५२८,९१५.००) | (१२६,३४१.००) |
| सम्पत्ती समायोजन | – | – |
| दीर्घकालिन लगानीबाट प्राप्त आम्दानी | – | – |
| लगानी | (१,२०१,४००.००) | – |
| **लगानी कारोबारको कुल नगद प्रवाह (ख)** | (१,७३०,३१५.००) | (१२६,३४१.००) |
| **ग. वित्तिय कारोबारबाट नगद प्रवाह** | | |
| निक्षेपमा (कमी) वृद्धी | ११४,३७६,६००.९३ | ६८,०१०,०३२.१४ |
| शेयर पूंजी (कमी) वृद्धी | ३,७०१,६००.०० | ५,०८६,७००.०० |
| ऋण तथा सापटी रकममा भएको (कमी) वृद्धी | (१०१,२५८,५०५.११) | (५८,९३२,९६०.४१) |
| अन्य कोषमा (कमी) वृद्धी | (५८८,५११.३८) | (४८४,३१६.४५) |
| लाभांस भुक्तानी | (४,११५,१५४.६८) | (३,३५८,९४३.३७) |
| **वित्तिय कारोबारबाट कुल नगद प्रवाह (ग)** | १२,११६,०२९.७६ | १०,३२०,५११.९१ |
| **यस वर्षको सम्पूर्ण गतिविधीबाट नगद प्रवाह(क+ख+ग)** | २६,६७६,२०५.०१ | २४,१२२,२३८.७२ |
| नगद तथा बैकमा रहेको शुरु मौज्दात | १०१,९६५,८४०.२० | ७७,८४३,६०१.४८ |
| नगद तथा बैकमा रहेको अन्तिम मौज्दात | १२८,६४२,०४५.२१ | १०१,९६५,८४०.२० |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-५, दाउराडिपो, काठमाडौ

## २०७६ आषाढ मसान्त सम्मको लेखासंग सम्बन्धीत अनुसूचीहरू

### जगेडा कोष

अनुसूची १

| विवरण | नाफाबाट बांडफांड | यसवर्ष जम्मा थपघट | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|---|---|
| जगेडा कोष | २,६८४,७५४.८९ | ७,५५,९०१.८७ | १३,०८३,९५२.४४ | ९,६४३,२९५.६८ |
| जम्मा | २,६८४,७५४.८९ | ७५५,९०१.८७ | १३,०८३,९५२.४४ | ९,६४३,२९५.६८ |

### अन्य कोष

अनुसूची २

| विवरण | नाफाबाट बांडफांड | यसवर्ष जम्मा थपघट | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|---|---|
| जोखिम बेर्होर्ने कोष | ५००,०००.०० | - | ५,४५२,४६८.०१ | ४,९५२,४६८.०१ |
| कर्मचारी बोनस कोष | १,२५६,०२५.६८ | (८९७,५११.३८) | १,२६१,३६५.५३ | ९०२,८५१.२३ |
| | १,७५६,०२५.६८ | (८९७,५११.३८) | ६,७१३,८३३.५४ | ५,८५५,३१९.२४ |
| संरक्षित पूंजि फिर्ताकोष | २,०१३,५६६.१६ | (१३०,०००.००) | २,०१३,५६६.१६ | १३०,०००.०० |
| सहकारी संस्था स्थिरीकरण कोष | ३०२,०३४.९२ | (१५०,०००.००) | ३०२,०३४.९२ | १५०,०००.०० |
| संस्था प्रर्वधन कोष | ३०,२०३.४९ | - | ३०,२०३.४९ | - |
| शेयर लाभांश कोष | ५,२००,०००.०० | (४,१२८,०५६.६३) | ५,२००,०००.०० | ४,१२८,०५६.६३ |
| सहकारी विकाश कोष | १६९,४८६.६९ | (८२,९९९.९२) | १६९,४८६.६९ | ८२,९९९.९२ |
| सहकारी शिक्षा तथा तालिम कोष | १६९,४८६.६९ | (१५०,०००.००) | १६९,४८६.६९ | १५०,०००.०० |
| घाटा पूर्तिकोष | १६९,४८६.७० | (१५०,०००.००) | १६९,४८६.७० | १५०,०००.०० |
| डुबन्त ऋण कोष | - | (८०,०००.००) | - | ८०,०००.०० |
| सदस्य हित कोष | - | ३०९,०००.०० | १,२९२,२६४.८७ | ९८३,२६४.८७ |
| जम्मा | ८,०५४,२६४.६५ | (४,५६२,०५६.५५) | ९,३४६,५२९.५३ | ५,८५४,३२१.४२ |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-५, दाउराडिपो, काठमाडौं

## २०७६ आषाढ मसान्त सम्मको लेखासंग सम्बन्धीत अनुसूचीहरू

### शेयर पूँजी

अनुसूची ५

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| गत आ.व सम्मको शेयर पूंजि | ३०,०५४,९००.०० | २४,९६८,२००.०० |
| यस आ. व. मा थप शेयर रकम | ३,७०१,६००.०० | ५,५५२,०००.०० |
| यस आ.वमा फिर्ता शेयर रकम | - | (४६५,३००.००) |
| **कुल शेयर पूंजि** | ३३,७५६,५००.०० | ३०,०५४,९००.०० |

### निक्षेप दायित्व

अनुसूची ६

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| नियमित बचत | १७,८६६,९२०.३० | १२,३०८,७७१.२५ |
| साधारण बचत | ८०,४७७,९६७.४९ | ६१,९८९,६४६.२६ |
| सदस्य सेवा बचत | १०,२४४,५३७.८८ | ४,८३७,९११.२४ |
| बाल शैक्षिक बचत | २६,५९१,१८०.२० | २४,१५१,६२६.७० |
| सुनौलो बचत | २६,७८३,९०९.१८ | ३१,७०१,३२५.२५ |
| देवदर्शन बिशेष बचत | ८१,९२७,७१८.३९ | ८१,८२१,६५२.७० |
| नारी उत्थान बचत | ८६०,८२३.०८ | ६३७,७४३.०६ |
| देवदर्शन पेन्सन बचत ३ वर्षे | ५८,९१७,०००.०० | ६९,६९२,०००.०० |
| लघु बोनस अवधि | ५९६,८६८.२७ | ६२४,६६६.२८ |
| संचयकोष बचत | १३२,३१८.९१ | ९६,११९.८२ |
| कल डिपोजिट | ३२,६००,०३४.७४ | ४५,४५५,०५३.३० |
| चालू (कर्जा संकलन) | ५९९,२२२.८८ | २,२२२,०४७.१६ |
| आवधिक बचत | २८२,८५८,२८४.०० | १७३,१००,२१८.०० |
| अवधि बचत | १४,२६९,६५५.४४ | १३,६३५,०३०.१९ |
| बोनस अवधि बचत | ४,३१४,३३२.७१ | २,४०२,७७४.५८ |
| नागरिक लगानी कोष | ३१,८०१.३८ | १९,३८८.१३ |
| **जम्मा** | ६३९,०७२,५७४.८५ | ५२४,६९५,९७३.९२ |

## आयकर ब्यवस्था

अनुसूची ७

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| आयकर ब्यवस्था | ५६५,२११.५६ | १,६१९,९९९.९७ |
| **जम्मा** | ५६५,२११.५६ | १,६१९,९९९.९७ |

## अन्य दायित्व हिसाब तथा ब्यवस्था

अनुसूची ८

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| भुक्तान बाँकी ब्याज | ११,४७९,७६६.८० | ७,१५८,३४५.४२ |
| प्रभू म्यानेजमेन्ट प्रा. लि. | (६६०,६९८.५०) | (४५४,६४६.००) |
| नेपाल टेलिकम लि. | ५,०००.०० | - |
| लेखापरीक्षण शुल्क | ७५,०००.०० | ७५,०००.०० |
| कर्मचारी विदा कोष | ३४०,७८७.०२ | ३४०,७८७.०२ |
| उपदान कोष | १,२६१,४३१.४१ | १,०३८,८११.४१ |
| ब्याज मुल्तवी | १७,८५३,८४५.०२ | १३,४४०,६७४.४५ |
| ब्याज कर | ९०८,९७९.४९ | ६२३,१९५.४१ |
| धरौटी | - | ६,०००.०० |
| भुक्तान बाँकी सामाजिक सुरक्षाकर | - | - |
| भुक्तान बाँकी करकट्टी | - | ३१५,३८०.०९ |
| अन्य दायित्व (ड्रिम ब्यानक्वेट प्रा.लि.) | ९५,८५७.५० | ९५,८५७.५० |
| अन्य दायित्व (ड्रिम ब्यानक्वेट प्रा.लि.टि.डि.एस | - | १३,६४२.५० |
| **जम्मा** | ३१,३५९,९६८.७४ | २२,६५३,०४७.८० |

## नगद मौज्दात

अनुसूची ९

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| नगद मौज्दात | २,९८९,००७.०० | ३,८२१,५९३.०० |
| **जम्मा** | २,९८९,००७.०० | ३,८२१,५९३.०० |

## बैंक मौज्दात

अनुसूची १०

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| **क वर्गका वाणिज्य बैंक तथा वित्तिय संस्थामा भएको रकम** | | |
| नेपाल क्रेडिट एण्ड कर्मस बैंक लि. | १५,६५७,२११.१७ | ८,८५२,६६१.३५ |
| एभरेष्ट बैंक लि. | ४,६४८,९२३.६७ | ८,९९८,३१७.५४ |
| सिर्द्धाथ बैंक लि. | १३,६९८,५११.८६ | १०,५४०,८४४.५३ |
| ग्लोबल आइ एम इ बैंक लि. | ४०,९५२,४४१.८३ | ५५,७५३,६७२.६६ |
| प्रभु बैंक लि. | ६,६०२,७८७.५५ | ५,७०८,२६९.२४ |
| **ख वर्गका विकास बैंक तथा वित्तिय संस्थामा भएको रकम** | | |
| राष्ट्रिय सहकारी बैंक लि. | २०,५५५,८६१.२२ | १,९०४,९२३.७१ |
| **ग वर्गका बैंक तथा वित्तिय संस्थामा भएको रकम** | | |
| **घ वर्गका बैंक तथा वित्तिय संस्थामा भएको रकम** | | |
| नेफ्स्कून | २२,३४३,१०५.०४ | ५,३८१,३२९.९९ |
| नेफ्स्कून (नियमित) | ५६,४२६.०८ | ४७,४५६.८७ |
| कास्कून | ५६०,३७९.६१ | ६१६,४६८.८८ |
| कास्कून (नियमित) | ३४,०५०.०८ | १३,२८४.३८ |
| आइ एम इ को अपरेटिभ | ५४३,३४०.१० | ३२७,०१८.०५ |
| **जम्मा** | १२५,६५३,०३८.२१ | ९८,१४४,२४७.२० |

## व्यवसायिक लगानी

अनुसूची ११

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| राष्ट्रिय सहकारी बैंक लि. | ११०,०००.०० | १०,०००.०० |
| नेफ्स्कून | १,०१२,४००.०० | ११,०००.०० |
| जिल्ला सहकारी संघ लि. | ५,०००.०० | ५,०००.०० |
| उपकार चाउचाउ | १,०००,०००.०० | १,०००,०००.०० |
| कास्कून | ११०,०००.०० | १०,०००.०० |
| अन्य (मनमोहन मेमोरियल हस्पिटल) | २००,०००.०० | २००,०००.०० |
| **जम्मा** | २,४३७,४००.०० | १,२३६,०००.०० |

## सदस्यहरूसंग बाँकी ऋण

अनुसूची १२

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| घरायसी कर्जा | २९,६१७,९४७.१६ | १९,८१९,६१९.१६ |
| लघु कर्जा (सा.ज.) | १५,२७४,८४२.७९ | ३८,०८७,७९१.७९ |
| हायर पर्चेज कर्जा | ६०,५३६,३२३.९१ | ४८,४६०,४५६.९९ |
| आवधिक रसीद धितो कर्जा | १३,७०५,१४८.९८ | ४,२६३,९६५.०० |
| छोटो अवधि कर्जा | ३७,०१०,०८०.६२ | ३४,७६५,९३१.७८ |
| लघू कर्जा | ३९,४१६,२४३.७९ | १६,४७८,८५३.०८ |
| व्यवसायिक धितो कर्जा | ३६७,६४७,१५०.१९ | ३००,०७२,६१४.५३ |
| जम्मा | ५६३,२०७,७३७.४४ | ४६१,९४९,२३२.३३ |

## पेश्की सापटी तथा धरौटी र पाउनु पर्ने हिसाब

अनुसूची १३

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| प्रशासनिक पेश्की | ५५,८५५.०० | ७४,६१४.०० |
| कर्मचारी पेश्की | ६०,०००.०० | ६५,५००.०० |
| पाउनुपर्ने व्याज | १७,८५३,८४५.०२ | १३,४४०,६७४.४५ |
| अन्य पेश्की | - | १२१,०००.०० |
| प्रभू म्यानेजमेन्ट प्रा. लि. (धरौटी) | १००,०००.०० | १००,०००.०० |
| अग्रीम भुक्तानी हिसाब | १,२५४,२६३.१२ | ४२९,७६९.९९ |
| धरौटी | ९००.०० | ९००.०० |
| धरौटी टेलिफोन | ९,०००.०० | ९,०००.०० |
| अग्रीम भुक्तानी विमा हिसाब | ४७,१८७.४१ | - |
| जम्मा | १९,३८१,०५०.५५ | १४,२४१,४५८.४४ |

## अन्तिम सामाग्री मौज्दात

अनुसूची १४

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| फूटकर टिकाउ | ६३,९३६.६६ | ६३,२५४.४० |
| मसलन्द मौज्दात | २५८,११५.१९ | ३७०,७३५.१९ |
| जम्मा | ३२२,०५१.८५ | ४३३,९८९.५९ |

## ब्याज आम्दानी

अनुसूची १५

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| व्याज आम्दानी (ऋण) | | |
| आवधिक रसिद धितो कर्जा | १,३५२,५३३.५८ | ७३६,४५०.९४ |
| हायर पर्चेज कर्जा | ७,६०६,००६.९३ | ४,५८५,४७२.५६ |
| व्यवसायिक धितो कर्जा | ५०,७५६,९७५.०६ | ४०,८६०,४११.३४ |
| घरायसी कर्जा | ३,७८९,७८९.६९ | २,७२२,३३०.२२ |
| छोटो अवधि कर्जा | ३,७६९,९१४.७७ | ४,०६३,०५९.६१ |
| लघू कर्जा (सा.ज.) | ६,४७७,०५३.०७ | ५,९०४,८१७.९९ |
| लघू कर्जा | १,४१३,३२४.४७ | ८५९,४४३.९८ |
| व्याज आम्दानी (बैक) | ४,३९६,६२०.८१ | २,३४३,२८४.५३ |
| **जम्मा** | ७९,५६२,२१८.३८ | ६२,०७५,२७१.१७ |

## ब्याज खर्च

अनुसूची १६

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| आवधिक बचत व्याज खर्च | ३०,७०५,२२२.५१ | १४,८३२,६६२.१५ |
| नियमित अवधि बचत व्याज खर्च | १,४१२,१७०.२६ | १,०२५,५६३.२८ |
| नागरिक लगानी कोष व्याज खर्च | १७,१७१.८३ | १२,३०६.१६ |
| साधारण बचत व्याज खर्च | ४,५६७,९७८.३८ | ४,६१२,१७६.८५ |
| सदस्य सेवा बचत व्याज खर्च | ६९,९०२.११ | ३७,६५६.०४ |
| देवदर्शन विशेष बचत व्याज खर्च | ४,६२४,८९९.३८ | ४,५२७,०२८.५३ |
| कल डिपोजिट व्याज खर्च | १,८७०,५११.३१ | १,७६४,९३६.४८ |
| बाल शैक्षिक बचत व्याज खर्च | २,७०२,२४३.७७ | २,५९६,५९५.११ |
| देवदर्शन पेन्सन बचत | ८,३००,९९०.९४ | ९,९७०,६३५.३७ |
| नारी उत्थान बचत व्याज खर्च | ७४,६५७.८२ | ७४,४५९.२१ |
| संचयकोष बचत व्याज खर्च | २८,९०४.२८ | १९,५७०.१४ |
| लघु बोनस अवधि बचत व्याज खर्च | ४८,३७७.५६ | २९,९१३.८४ |
| सुनौलो बचत | ३,१३७,७३६.७१ | २,६२७,३०५.०९ |
| अवधि बचत | १,२०८,४६५.३० | १,१२०,७२८.३८ |
| बोनस अवधि बचत | २५१,६३०.७९ | २७७,३८०.०० |
| **जम्मा** | ५९,०२०,८६२.९५ | ४३,५२८,९१६.६३ |

## अन्य संचालन आम्दानी

अनुसूची १७

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| प्रकृयागत शुल्क | ३,६३८,३००.०० | ३,३४५,०००.०० |
| कर्जा फाराम शुल्क | २९,२००.०० | २४,३००.०० |
| सदस्य शुल्क | ३७,३००.०० | ४६,८००.०० |
| खाता बन्द शुल्क | ११,६५७.०६ | १३,४६५.३३ |
| फिल्ड निरीक्षण शुल्क | ६६,५००.०० | ४३,९००.०० |
| कर्जा नविकरण | ४,८७३,२९४.३२ | ३,५५०,४२०.८५ |
| व्यवसाय मुल्यांकन शुल्क | १५२,७५०.०० | १८६,०००.०० |
| धितो मुल्यांकन शुल्क | ५७१,३६०.०० | ४८०,८५०.०० |
| अग्रीम भुक्तान | १५,१००.०० | ११,५००.०० |
| शेयर लाभांश आम्दानी | ४,३१६.९० | ३,९०४.०० |
| व्यवस्थापकिय शूल्क | ३२०,७५०.०० | ३६९,२५०.०० |
| विविध आम्दानी | १०७,७९०.९७ | ३३२,२१८.३६ |
| जम्मा | ९,८२८,३१९.२५ | ८,४०७,६०८.५४ |

## कर्मचारी खर्च

अनुसूची १८

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| तलब तथा भत्ता | ७,९१६,३७३.२० | ७,८६१,८६८.०१ |
| दशैं खर्च | ६११,४५०.०० | ४९१,४८०.०० |
| कर्मचारी विदा | - | १,९८०.४९ |
| कर्मचारी औषधी उपचार | ६१९,४५०.०० | ४८२,४४०.०० |
| कर्मचारी संचयकोष | ५१९,१२०.०० | ५०५,४२४.०० |
| कर्मचारी प्रोत्साहन | २५५,०००.०० | - |
| जम्मा | ९,९२१,३९३.२० | ९,३४३,१९२.५० |

## प्रशासनिक खर्च

अनुसूची १९

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| सहकारी वार्षिकोत्सव खर्च | ३५३,८०३.०० | २६४,२०३.०० |
| बिद्यूत तथा पानी महसुल | १२२,२५२.५० | ११८,०००.०० |
| मर्मत संभार खर्च | ११२,०५५.०० | १०२,६५८.७५ |
| विमा खर्च | ९४,२८०.५९ | ८८,६९८.०० |
| टेलिफोन, इमेल, हूलाक महसूल | ७५,७५९.०० | ६८,४७४.०० |
| मसलन्द तथा छपाइ खर्च | २४६,४८२.०० | २७४,६४३.९२ |
| सवारी इन्धन खर्च | ४०२,१४३.०० | ३७८,४७१.०० |
| अतिथी सत्कार खर्च | ७,२३६.०० | ४१,९८४.०० |
| कार्यालय चियापान तथा खाजा खर्च | २५,८८३.०० | १९,२८६.०० |
| सरसफाइ खर्च | २१,३५८.०० | २०,३१७.०० |
| शूल्क, दस्तुर तथा नविकरण खर्च | १००,३५९.०० | ३४,६९७.५० |
| आर्थिक सहयोग खर्च | १५२,४५८.०० | ५५,९००.०० |
| कर्मचारी उपदान खर्च | २२२,६२०.०० | २१८,६२०.०० |
| कर्मचारी तालिम खर्च | ३२,८८८.०० | २९,०४०.०० |
| लेखापरीक्षण शुल्क | ७५,०००.०० | ७५,०००.०० |
| कार्यालय पोशाक खर्च | २४१,८७९.०० | २५२,०००.०० |
| पत्रपत्रिका खर्च | ११,६००.०० | १०,६००.०० |
| वार्षिक साधारणसभा खर्च | २,८७७,०९७.०० | २,९४४,८११.०० |
| बैठक भत्ता | १६२,०००.०० | ७२७,५००.०० |
| क्यालेण्डर छपाइ तथा वितरण खर्च | ३५३,८०३.०० | ३५६,९६०.०० |
| विविध उत्सव तथा समारोह | ३०७,३१३.०० | ४४७,५०७.०० |
| सल्लाहकार भत्ता | ९८,४००.०० | ९८,४००.०० |
| विविध खर्च | १२०,३८८.७४ | ८५,७४७.०० |
| **जम्मा** | ६,२१७,०५७.८३ | ६,७१३,५१८.१७ |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा. -५, दाउराडिपो, काठमाडौ

## अचल सम्पत्तिको विवरण

अनूसुची ४

| विवरण | सुरु मौज्दात | थप खरीद | विक्री | ह्रासयोग्य सम्पत्ति | ह्रासकट्टी | गत वर्ष सम्मको | यस वर्षको | जम्मा | पूजिकरण गरिएको सम्पत्ति मुल्य | अन्तिम मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | समायोजन | | दर | ह्रासकट्टी | ह्रासकट्टी | ह्रासकट्टी | | |
| **ह्रासकट्टी नहुने सम्पत्ती** | | | | | | | | | | |
| जग्गा | ४,७२८,२८४.०० | - | - | ४,७२८,२८४.०० | | - | - | - | - | ४,७२८,२८४.०० |
| **समूह-क** | | | | | ५% | | | | | |
| भवन तथा निर्माण | १४,०१०,७३१.५० | - | - | १४,०१०,७३१.५० | | १,५१३,६२४.७३ | ७००,५३६.५८ | २,२१४,१६१.३१ | - | १३,३१०,१९४.९२ |
| **समूह-ख** | | | | | २५% | | | | | |
| काठ तथा धातु फर्निचर | १२०,१३७.४६ | ७२,५०५.०० | - | १९२,६४२.४६ | | ४२८,७११.९४ | ४२,११८.५३ | ४७०,८३०.४७ | - | १५०,५२३.९३ |
| कम्प्यूटर तथा एक्सेसरिज | १७८,१२५.३४ | ३४९,१७०.०० | - | ५२७,२९५.३४ | | ४१३,९३५.४९ | ७३,६२८.८४ | ४८७,५६४.३३ | - | ४५३,६६६.५० |
| कार्यालय पार्टिशन | १७१,१६४.४६ | - | - | १७१,१६४.४६ | | ६८९,११८.९९ | ४२,७९१.१२ | ७३१,९१०.११ | - | १२८,३७३.३४ |
| कार्यालय सामान | २९१,३१७.९१ | ३९,४४०.०० | - | ३३०,७५७.९१ | | ३८९,३३१.५० | ८१,४७१.१५ | ४७०,८०२.६५ | - | २४९,२८६.७६ |
| **समूह-ग** | | | | | २०% | | | | | |
| मोटरसाइकल ५८४८ | ४४,९६१.१९ | - | - | ४४,९६१.१९ | | १०८,९८९.१८ | ८,९९२.२४ | ११७,९८१.४२ | - | ३५,९६८.९५ |
| मारुती भ्यान | ९३८,५०९.८७ | - | - | ९३८,५०९.८७ | | ४१५,११०.१३ | १८७,७०१.९७ | ६०२,८१२.१० | - | ७५०,८०७.९० |
| **समूह-घ** | | | | | १५% | | | | | |
| सोलार | - | - | - | - | | - | - | - | - | - |
| **समूह-ङ** | | | | | २५% | | | | | |
| सफ्टवेयर | ६७,१०५.७४ | ६७,८००.०० | - | १३४,९०५.७४ | | १०१,१७४.१६ | ३३,७२६.४४ | १३४,९००.६० | - | १०१,१७९.३० |
| **जम्मा** | २०,५५०,३३७.४७ | ५२८,९१५.०० | - | २१,०७९,२५२.४७ | | ४,०५९,९९६.११ | १,१७०,९६६.८७ | ५२३०९६२.९८ | - | १९,९०८,२८५.६० |

| | | | |
|---|---|---|---|
| ................................ | ................................ | ................................ | ................................ |
| प्रबन्धक | उपाध्यक्ष | अध्यक्ष | रजिर्ष्टड लेखापरीक्षक |
| **प्रविण सिलवाल** | **बेली मैया घले** | **राम नारायण घिमिरे** | **बिजय राम मुनंकर्मी** |
| | | | मुनंकर्मी एण्ड एसोसिएट्स |

# देव दर्शन बचत तथा ऋृण सहकारी संस्था लि.

**चन्द्रागिरि न.पा–५, दाउरा डिपो, काठमाडौ**

**आर्थिक वर्ष २०७५।२०७६ को**

## लेखा नीति तथा तत्सम्बन्धि टिप्पणीहरू

**अनुसुची २०**

## प्रमुख लेखा नीतिहरू

### संस्था सम्बन्धि सामान्य जानकारी

यस देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि. सहकारी ऐन २०४८ अर्न्तगत सहकारी डिभिजन कार्यालय, काठमाडौंमा दर्ता भएको संस्था हो । यस संस्थाको कार्यालय चन्द्रागिरि न.पा ५, दाउरा डिपो, काठमाडौंमा रहेको छ। यस संस्था आयकर मा २०६६।०३।३० मा दर्ता भएको हो र यसको पान दर्ता नं ३०३७४३८७५ रहेको छ । यस संस्थाको कार्य क्षेत्र चन्द्रागिरि नगरपालिका भरि रहेको छ ।

### वित्तिय विवरण सम्बन्धि जानकारी

वित्तिय विवरणहरु अन्यथा उल्लेख गरिएका बाहेक ऐतिहासिक लागत अवधारणा, सामान्य रुपमा स्वीकार्य तथा लेखाका सर्वमान्य सिद्धान्त र सहकारी ऐन २०४८ को नीति निर्देशनजारी लेखामान सिद्धान्त बमोजिम अनुसार तयार पारिएका छन् । यस संस्थाले अपनाएका प्रमुख लेखानीतिहरु निम्नानूसार छन् ।

### १. ब्याज गणना गर्नेतरिका

- ब्याज दिनूपर्ने निक्षेप खाताहरुमा ब्याज दिंदा र कर्जा सापटीमा ब्याज लिंदा ३६५ दिनलाई एक वर्षको आधार मानी गणना गरिएको छ ।
- कर्जा सापटीको ब्याज असूलीको आधारमा आम्दानी जनाउने गरिएको छ ।
- निक्षेप तर्फ दिईने ब्याज सम्झौता तथा करारमा उल्लेख भए अनूसार ब्याजखर्च गरिएको छ ।
- कर्जा सापटीको ब्याज आम्दानीलाई (Accural Basis)को आधारमा जनाउने गरिएको छ ।

## २. स्थिर सम्पत्ति तथा ह्रास कट्टी

- स्थिर सम्पत्तिहरु ऐतिहासिक लागत अवधारणा (Historical Cost Concept) मा देखाएको छ ।
- यस स्थिर सम्पत्तिहरुको ह्रास कट्टी घट्दो दर प्रणाली (Diminishing Balance Method)को आधारमा आयकर ऐन २०५८ को अनुसूचि २ ले निर्दिष्ट गरेको नीति नियमको आधारमा गरिएको छ ।

## ३. कर्जा नोक्सानी ब्यवस्था कोष

गत आ.व.को जोखिम बेहोर्ने कोष रु ४९,५२,४६८।०१ मा यस आ.व रु. ५००,०००।०० थप समावेश गरि रु ५४,५२,४६८।०१ कोषको व्यवस्था गरिएको छ ।

## ४. आयकर व्यवस्था

यस आ.व.मा आयकर ऐन तथा नियमावली बमोजिम संस्थाको कर योग्यआय रु ११,३०४,२३१.१० मा ५ प्रतिशत रु ५६५,२११.५६ आयकर व्यवस्था गरिएको छ ।

## ५. लेखा विवरणको प्रस्तुति

लेखा विवरण ऐतिहासिक लागत अवधारणा, सामान्य रुपमा स्वीकार्य प्रचलन रहेका लेखा पद्धति, सहकारी ऐन तथा नितिनिर्देशन तथा नेपाल चार्टर्ड एकाउटेण्टस् संस्थाबाट जारी लेखामान सिद्धान्त बमोजिमको ढांचामा तयार गरिएका छन् ।

## ६. लगानी

विभिन्न संघ संस्थाको प्राथमिक शेयर लगानीलाई परल मोलको आधारमा लेखांकन गरिएको छ । सहकारी मापदण्ड २०६८ अन्तर्गत सहकारी संस्थाले अन्य कम्पनी तथा संस्थाहरुमा लगानी गर्न नपाइनेमा मापदण्ड जारी हुनु अघि उपकार चाउचाउमा लगानी रहेको रु १,०००,०००।०० हालसम्म कायम नै रहेको छ ।

## ७. कोषको वितरण

गत आ.व.मा बांडफांड गरिएको केहि कोषहरुबाट रकम वितरण गरि बांकी रहेको रकम पुनः जगेडाकोषमा जम्मा गरेको छ। वितरण गरिएको कोषहरुको विवरण निम्नानुसार छ :

| विवरण | यस वर्ष वितरण |
|---|---|
| शेयर लाभांश कोष | ४,११५,१५४.६८ |
| कर्मचारी बोनस कोष | ८९७,५११.३८ |
| सदस्य हित कोष | ७५,०००.०० |

## ८. शेयर सदस्य संख्या

प्रस्तुत संस्थाको शेयर सदस्य संख्या महिला तथा पुरुष गरी जम्मा २४९३ जना रहेको छ । जस मध्ये १३८९ पुरुष र  ११०४ महिला रहेको छ ।

## ९. मौज्दात

संस्थाले खरीद गरेको स्टेशनरी तथा अन्य खपतहुने सामग्रीहरु आवश्यकता अनुरुप एकमुष्ठ रुपमा खरीद गरि खपतको आधारमा खर्च जनाइ बांकी रहेको मौज्दातमा उल्लेख गरिएको छ ।

# लेखा सम्बन्धि टिप्पणीहरु

## १. निक्षेप दायित्व

प्रस्तुत आ.व. को संकलित निक्षेप रु ६३९,०७२,५७४.८५ र सो निक्षेप शेयर पुंजीको १० गुणा भन्दा बढी रहेको पाइयो ।

## २. औसत ब्याजदर

यस आ.व.मा कर्जा लगानीमा औसत ब्याजदर १७.५० प्रतिशत र निक्षपमा प्राप्त औसत ब्याजदरको लागत १२.५० प्रतिशत रहेको पाइयो, जसको आधारमा मुल्यांकन गर्दा औसत ब्याजदरको अन्तर (Average Spread Rate) ५ प्रतिशत रहेको पाइयो ।

## ३. ह्रास कट्टी

अचल सम्पत्तीको ह्रासकट्टी आयकर ऐन २०५८ अनुरुप गरिएको पाइयो ।

## ४. लेखा विवरणको प्रस्तुती

गत आ.व.मा प्रस्तुत अंकहरुलाई यस आ.व.को अंकहरुसंग तुलना हुनेगरि आवश्यकता अनुसार पुर्नगठन वा पुनवर्गीकरण गरि प्रस्तुत गरिएको छ । अंकहरुलाई नजिकको रुपैयांमा प्रस्तुत गरिएको छ ।

रजिर्ष्टड लेखापरीक्षक
**बिजय राम मुनंकर्मी**
मुनंकर्मी एण्ड एसोसिएट्स

टिपोट (Note)

## आवधीक निक्षेप (Term Deposit)

| अवधि | त्रैमासिक ब्याज भुक्तानी | वार्षिक ब्याज भुक्तानी | एकमुष्ठ ब्याज भुक्तानी |
|---|---|---|---|
| ६ महिना | - | - | ९.००% |
| १ वर्ष | ११.००% | १२.००% | १२.००% |
| २ वर्ष | १२.००% | १२.५०% | १३.००% |
| ३ वर्ष | १३.००% | १३.५०% | १४.००% |

## कर्जा तथा सापट योजना (Loans and Advances Scheme)

| कर्जा शिर्षक | वार्षिक ब्याजदर घट्दोदर |
|---|---|
| देवदर्शन पुलेसो कर्जा (Dev Darshan Bridge Loan) | १६.००% |
| आवधिक कर्जा (Term Loan) | १६.००% |
| छोटो अवधि कर्जा (Short Term Loan) | १६.००% |
| व्यापारीक कर्जा (Trading Loan) | १६.००% |
| घर कर्जा (Home Loan) | १५.० ०% (मासिक किस्ता प्रणाली) |
| हायर पर्चेज कर्जा (Hire-purchase Loan) | १६.००%* |
| महिला उद्यमी कर्जा (Mahila Uddhami Karja) | १६.००% |
| शेयरसदस्य सहुलियत कर्जा (Share Sahuliyat Karja) | १५.००-१६.००% |
| सामूहिक जमानी कर्जा (Group Gurantee Loan) | १६.००% |
| कृषि कर्जा (Agriculture Loan) | १६.००% |
| गरिबी निवारण कर्जा (Garibi Niwaran Karja) | १६.००% |
| लघु कर्जा (Laghu Karja) | १६.००% |
| अन्य कर्जा (Miscellaneous Loan) | १६.००% |
| आवधीक रसिद धितो कर्जा (FDR) | (थप) ३.००% |

## निक्षेप (Deposit)

| निक्षेप | वार्षिक ब्याजदर |
|---|---|
| नियमित बचत | ८.००% (दैनिक मौज्दातमा)* |
| देवदर्शन पेन्सन बचत | ३ वर्ष (प्रति १ लाखको मासिक रु १०००/-) |
| बाल शैक्षिक बचत | २ वर्ष ११.००% |
| | ५ वर्ष १२.५०% |
| | १० वर्ष १५.००% |
| नारी उत्थान बचत | १०.५% (आवधिक) |
| किसान बचत | ८.००% (मासिक न्यूनतम बचतमा) |
| साधारण बचत | ८.००% (मासिक न्यूनतम बचतमा) |
| देवदर्शन विशेष बचत | ६.००% (दैनिक मौज्दातमा)* |
| देवदर्शन कल बचत | ७.००% (दैनिक मौज्दातमा)* |
| गोल्डन बचत | ८.००% (दैनिक मौज्दातमा)* |
| बोनस बचत | ९.००% (दैनिक मौज्दातमा)* |

*शर्त लागु हुनेछ ।

## अवधि बचत (Periodic Savings)

| अवधि | वार्षिक ब्याजदर | अवधि | वार्षिक ब्याजदर |
|---|---|---|---|
| ३ महिना | ९.००% | २ वर्ष | ११.००% |
| ६ महिना | ९.५०% | ३ वर्ष | ११.५०% |
| ९ महिना | १०.००% | ४ वर्ष | १२.००% |
| १ वर्ष | १०.५०% | ५ वर्ष | १२.५०% |

# नियमित बचतमा ८% ब्याज

## बचत खाताका विशेषताहरू

- ➢ जति धेरै बचत रकम उति धेरै ब्याज
- ➢ तिन तिन महिनामा ब्याज भुक्तानी
- ➢ आवधीक बचतमा १४.००%* ब्याज
- ➢ चाहे अनुसारको रकम राख्न र झिक्न सकिने
- ➢ सन्ध्याकालीन काउन्टरको व्यवस्था

**ज्येष्ठ सदस्य महानुभावहरूको लागि मासिक ब्याज भुक्तानी हुने गरी पेन्सन बचत योजना**

## रेमिट्यान्स सुविधाहरू

Prabhu Money Transfer — प्रभुको इच्छा

IME International Money Express — A Complete Money Transfer Solution

himal remit हिमालरेमिट — सम्पन्न पार्दछ जिन्दगी